नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

## प्रेस विज्ञप्ति

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति भए पश्चात स्वदेशी वस्तुको उत्पादन तथा उत्पादकत्व प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय बजार सुनिश्चित गर्ने सम्बन्धमा मन्त्रालयले मिति २०८१ चैत्र ८ गते सरोकारवालासँग उच्चस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरेको छ।

स्तरोन्नतिपछि अन्तर्राष्ट्रिय व्यापारमा देखिने सम्भावित चुनौतीहरूको सामना गर्न र प्राप्त हुने अवसरहरूको उपयोग गर्न आवश्यक तयारीका लागि सरोकारवालाहरूबाट गरिनुपर्ने सामूहिक प्रयासहरूमा कार्यक्रम केन्द्रित थियो। माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीको अध्यक्षतामा प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका माननीय सभापति तथा प्रतिनिधि सभाका माननीय सदस्यहरु, विभिन्न मन्त्रालयका सचिव, सहसचिव, महानिर्देशकहरु, यूरोपियन युनियनका महामहिम राजदूत तथा अन्य प्रतिनिधिहरू, निजी क्षेत्रका छाता संगठनका अध्यक्ष/प्रतिनिधिहरु तथा प्राज्ञिक र अनुसन्धानमूलक संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

उद्योग सचिव श्री कृष्ण बहादुर राउतले औद्योगिक तथा व्यावसायिक वातावरण सुधारको लागि मन्त्रालयले गरेको प्रयासहरु, तथा प्रणालीगत एवम् संस्थागत सुधारको लागि चालिएका कदमहरुको चर्चा गर्दै नेपाल विकासशील राष्ट्रमा स्तरोन्नतिको पूर्वतयारी एवम् आगामी बजेट तथा कार्यक्रमको तयारीको लागि पृष्ठपोषण प्राप्त गर्न समेत यो कार्यक्रम महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

वाणिज्य तथा आपूर्ति सचिव श्री गोविन्द बहादुर कार्कीले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रमा हालै गरिएका नीतिगत एवम् कानूनी सुधारका प्रयासहरुको चर्चा गर्दै उल्लिखित नीतिको कार्यान्वयनमा सम्वद्ध सरकारी तथा निजी क्षेत्रको प्रतिवद्धताको लागि अनुरोध गर्नुभयो। साथै उद्योग, लगानी, व्यापार प्रवर्द्धनका लागि गर्नुपर्ने थप सुधारका लागि राय सुझाव तथा पृष्ठपोषण समेत लिन कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो।

कार्यक्रममा उद्योग तथा लगानीका क्षेत्रमा भएको नीतिगत तथा कानूनी सुधारका प्रयास सम्बन्धमा मन्त्रालयका सहसचिव श्री जितेन्द्र बस्नेतले प्रस्तुतीकरण गर्नुभएको थियो। त्यसैगरी व्यापार तथा वाणिज्य क्षेत्रको सुधारको लागि तर्जुमा भएका वाणिज्य नीति, अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिबाट पर्न सक्ने असर न्यूनिकरणका लागि मन्त्रालयले तर्जुमा गरेको वाणिज्य क्षेत्रको रणनीतिक योजना लगायतका विषयमा मन्त्रालयका सहसचिव श्री देवराज जोशीले प्रस्तुतीकरण गर्नुभएको थियो।

छलफलको क्रममा निजी क्षेत्रका छाता संगठनका अध्यक्ष/प्रतिनिधिहरु, उद्योग तथा वाणिज्य क्षेत्रका विषय विज्ञहरु, प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थाका प्रतिनिधिहरु, पूर्व सचिव समेतले यस क्षेत्रमा चाल्नुपर्ने कदमका विषयमा आफ्नो धारणा व्यक्त गर्नु भएको थियो।

त्यसैगरी, प्रतिनिधि सभाका माननीय सदस्य गणेश पराजुलीले हालै संसदबाट स्वीकृत भएको विद्युतीय व्यापार (ई-कमर्श) ऐनको प्रभावकारी कार्यान्वयनका लागि थप नीतिगत तथा संरचनागत सुधार गर्नुपर्नेमा जोड दिनुभएको थियो।

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

प्रतिनिधि सभाका माननीय सदस्य रमा कोईरालाले फलफूल, तरकारी, मौलिक उत्पादन तथा हस्तकलाका वस्तु उत्पादन तथा निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो। प्रतिनिधि सभाका माननीय सदस्य हेमराज राईले साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने विषयमा जोड दिनुभयो।

प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका माननीय सभापति अब्दुल खांनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यसम्पादनको प्रशंसा गर्दै देशलाई उन्नति तर्फ लैजानु सबैको साझा दायित्व रहेको बताउनु भयो। साथै, निर्यातमूखी नीतिको प्रवर्द्धन गर्न स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग र लगानीकर्तालाई प्रोत्साहन गरी निर्यात गर्ने वातावरण तयार गर्नुपर्ने उल्लेख गर्नुभयो। विकासशील राष्ट्रमा नेपालको सहज स्तरोन्नतिका लागि आवश्यक कानुनी तथा नीतिगत सुधारहरूका लागि आफ्नो सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

कार्यक्रमको अध्यक्षता गर्दै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री भण्डारीले अन्तर्राष्ट्रिय व्यापारमा नेपालको प्रतिस्पर्धात्मक स्थितिलाई सुरक्षित राख्न सरकार,निजी क्षेत्र र विकास साझेदारहरू बीचको समन्वयात्मक प्रयास जरूरी रहेको बताउनु भयो। सरकार व्यापार सहजीकरणलाई सुदृढ पार्न, औद्योगिक उत्पादकत्व बढाउन र विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात अन्तराष्ट्रिय व्यापारको क्षेत्रमा प्राप्त हुने अवसर तथा चुनौतीहरुलाई महत्तम उपयोग गर्दै द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौताहरूबाट लाभ उठाउन सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभयो। मन्त्रालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सम्पूर्ण सरोकारवाला निकायहरुको सहयोग र समन्वय आवश्यक पर्ने हुँदा सल्लाह तथा सुझावलाई आत्मसाथ गरेर अगाडी बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

विकासशील राष्ट्रमा स्तरोन्नतिको सन्दर्भमा मुलुकको उत्पादन, उत्पादकत्व, गुणस्तर वृद्धि मार्फत निर्यात व्यापार प्रवर्द्धन कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ। उद्योग तथा व्यापार क्षेत्रको विकासको कार्य बहुनिकाय र बहुआयामिक प्रकृतिको भएकोले यी क्षेत्रको विकासमा तीनै तहका सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदारको सामूहिक प्रयास आवश्यक पर्ने भएकाले मन्त्रालयबाट उद्योग, लगानी, व्यापार प्रवर्द्धनमा हालै सुधार गरिएका नीतिगत तथा कानूनी सुधारको वारेमा अभिमुखिकरण गरी सबै पक्षको साझा प्रतिवद्धता सहित उच्चस्तरीय अन्तक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो।

मिति :२०८१/१२/०८

सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np

CS Scanned with CamScanner